बागमती प्रदेश सरकार

# उद्योग, वाणिज्य, भूमि तथा प्रसाशन मन्त्रालय

(उद्योग महाशाखा)

हेटौंडा, नेपाल

पत्र सङ्ख्या: ०८०।८१

चलानी नम्बर:

मिति: २०८०।१२।१४

बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपाल

नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिता सम्बन्धी सूचना।

यस मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ सम्बन्धित उद्यमीहरुले जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरुमा "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८०" को अनुसूची -२ बमोजिमको निवेदनको ढाँचामा पन्ध्र दिनभित्र प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, यस विषयमा थप जानकारीका लागि यस मन्त्रालयको वेवसाईट *moicla.bagamati.gov.np* अथवा जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयहरुमा सम्पर्क राख्नहुन अनुरोध छ ।

०८०।१२।१४

**प्रस्तावना:** नवप्रवर्तनको विकास एवं विस्तार गर्दै नविनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्ने प्रदेशको स्रोत, साधन, सृजना र सीपको उच्चतम प्रयोग गरी उद्यम गरिरहेका उत्कृष्ट उद्यमीको छनौट तथा सम्मान प्रदान गर्ने कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

यस समितिले यो मापदण्ड बनाई लागू गरेको छ।

१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो मापदण्डको नाम "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड यस समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्यमी" भन्नाले विभिन्न स्रोत, साधन, सीप सृजनाको प्रयोग गरी उद्योग संचालन गरिरहेका व्यक्तिलाई सम्झनु पर्दछ।

(ख) "छनौट समिति" भन्नाले दफा १० बमोजिम गठित उत्कृष्ट उद्यमी सिफारिस तथा छनौट समिति सम्झनु पर्छ ।

(ग) "जिल्ला सिफारिस समिति" भन्नाले दफा ९ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

(घ) "नवप्रवर्तन" भन्नाले नविनतम प्रविधि, सोच र सिर्जनशिलता तथा प्रदेशको स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी उद्यम गर्नुलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "विशेष प्राथमिकता समूह" भन्नाले दलित, आदिवासी जनजाती, एकल महिला, अपांगता भएका र लोपोन्मुख तथा सिमान्तकृत वर्गका उद्यमी सम्झनु पर्छ ।

(छ) "सम्मान" भन्नाले उत्कृष्ट उद्यमीलाई प्रोत्साहन स्वरुप प्रदान गरिने नगद पुरस्कार सहितको सम्मान सम्झनु पर्छ ।

(ज) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाईएको व्यक्ति सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

**३. उद्देश्य:** यस कार्यविधि बमोजिम प्रदान गरिने सम्मानको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) नयाँ सोच, प्रविधि तथा सिप प्रयोग गरी स्वदेशमा उत्पादन र रोजगारी प्रवर्द्धन गर्ने,

(ख) उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तीकरणमा योगदान पुर्‍याएको उद्यमीलाई प्रोत्साहन गर्ने,

(ग) स्वदेशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने,

(घ) उद्यमीहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल बन्न अभिप्रेरित गर्ने,

(ङ) योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने,

(च) स्थानिय स्रोत र साधनको प्रयोग गरी उत्पादित वस्तु निर्यात गर्ने, र

(छ) उद्यमी तथा श्रमिकको योगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने ।

**४. सम्मानित हुनेको संख्या: (१)** सम्मानित हुनेको सङ्ख्या र रकम निर्धारण आर्थिक वर्ष २०८०।८१को यस मन्त्रालयको नाममा प्रदेश सभाबाट स्विकृत वजेट तथा कार्यक्रमको वजेट उपशिर्षक नम्बर ३२५००११२ को खर्च शिर्षक नम्बर २२५२९ क्रियाकलाप कोड नं २.७.२८.१० नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रमबाट तोकिएको परिमाण र लक्ष्य बमोजिम गरिनेछ।

**५. छनौट तथा मूल्यांकनका आधारहरु:** उत्कृष्ट उद्यमी छनौट सम्वन्धी मूल्याकंनका आधारहरु अनुसूची-१ बमोजिम हुनेछन्।

**६. पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यता:** (१) उद्यमीले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछः-

(क) प्रदेशमा स्थायी बसोबास भई प्रदेशभित्रै उद्यम गरिरहेको नेपाली नागरिक,

(ख) उद्यमी स्वयम् आफै सन्चालक भई व्यवसाय दर्ता तथा नविकरण गरी कम्तिमा दुई वर्षदेखि निरन्तर संचालनमा रहेको, र

(ग) नियमित रुपमा सरकारलाई तिर्नु पर्ने आयकर बुझाएको र नविकरण भएको।

**७. पेश गर्नुपर्ने कागजातहरु:** उद्यमीले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) अनुसूची २ बमोजिमको प्रस्ताव,

(ख) नागरिकताको प्रतिलिपि,

(ग) दुई प्रति पासपोर्ट साइजको फोटो,

(घ) उद्योग दर्ता/ नविकरणको प्रतिलिपि,

(ङ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) PAN/VAT दर्ताको प्रतिलिपि,

(छ) सम्बन्धित स्थानीय तहको सिफारिश पत्र,

(ज) विशेष प्राथमिकता समूह खुल्ने निस्सा,

(झ) निवेदन पेश गर्दा बुझाएको बैंक भौचर अथवा नगदि रसिद ।

बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपाल

**८. सूचना प्रकाशन, प्रस्ताव पेश गर्ने स्थान र सिफारिस प्रकृया:** सूचना प्रकाशन, प्रस्ताव पेश गर्ने स्थान र सिफारिसको प्रकृया देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची २ बमोजिमको ढाँचामा इच्छुक उद्यमीबाट प्रस्ताव माग गर्नेछ ।

(ख) सूचना यस मन्त्रालयको वेभसाईटमा प्रकाशन गरिनेछ । साथै जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा पठाइनेछ र जिल्ला स्थित कार्यालयमा सूचना पठाउँदा यस मापदण्डको प्रतिलिपि समेत पठाइनेछ ।

(ग) उद्यमीले प्रस्ताव दर्ता गर्दा जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा रु १०० को प्रशासनिक दस्तुर बुझाएको बैंक भौचर वा नगदि रसिद सहित पेश गर्नुपर्नेछ ।

(घ) प्रस्तावसाथ दफा ७ बमोजिमका कागजातहरु संलग्न राख्नु पर्नेछ ।

(ङ) सम्बन्धित उद्योग तथा वाणिज्य कार्यालयमा पेश भएका प्रस्ताव मध्येबाट म्याद समाप्त भएको सात दिनभित्र दफा ९ बमोजिमको सिफारिस समितिको सिफारिसका आधारमा उत्कृष्ट कुनै दुईवटा उद्यमीको नाम तोकीएका आवश्यक कागजात सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।सिफारिस समितले उत्कृष्ट उद्यमी सिफारिस गर्दा अनुसूची- १ बमोजिमका आधारमा उच्चतम अंक प्राप्त गर्ने दुई उद्यमीलाई सिफारिस गर्नुपर्नेछ।उद्योग तथा वाणिज्य कार्यालयले मन्त्रालयमा कागजात पठाउँदा सिफारिस समितिको निर्णय प्रतिलिपि अनिवार्य राख्नुपर्नेछ।

(च) सम्बन्धित जिल्ला सिफारिस समितिबाट सिफारिस हुन आएका प्रस्तावहरु मन्त्रालयले दफा १० बमोजिमको छनौट समिति समक्ष पेश गर्नेछ ।

(छ) छनौट समितिले खण्ड (च) बमोजिम पेश भएका प्रस्ताव र संलग्न कागजातका आधारमा अनुसूची-१ बमोजिम मूल्यांकन गरी प्रत्येक जिल्लाबाट उच्चतम अंक प्राप्त गर्ने दुई उत्कृष्ट उद्यमीलाई पुरस्कार तथा सम्मानका लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

(ज) छनौट समितिले आवश्यकतानुसार सम्बन्धित उद्यमको स्थलगत अनुगमन तथा निरीक्षण समेत गर्न सक्नेछ ।

(झ) स्थलगत अनुगमन तथा निरीक्षणका लागि मन्त्रालयले आवश्यकतानुसार जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयलाई अनुरोध गर्न सक्नेछ ।

<u>९. जिल्ला सिफारिस समितिः</u> (१) पेश हुन आएका प्रस्तावको अनुसूची १ का आधारमा मूल्यांकन गरी उत्कृष्ट दुई उद्यमीको नाम मन्त्रालयमा सिफारिस गर्न सम्बन्धित उद्योग तथा वाणिज्य कार्यालयमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) कार्यालय प्रमुख - संयोजक

(ख) जिल्ला घरेलु तथा साना उद्योग संघको प्रतिनिधी -सदस्य

(ग) सम्बन्धित कार्यालयको उद्योग शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार दफा ८ को खण्ड (ङ) बमोजिम हुनेछ ।

<u>१०. छनौट तथा सिफारिस समितिः</u> (१) उद्योग तथा वाणिज्य कार्यालयबाट सिफारिस भई आएका प्रस्तावको मूल्यांकन मार्फत उत्कृष्ट उद्यमी छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ :-

(क) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय - संयोजक

(ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, श्रम, रोजगार तथा यातायात मन्त्रालय - सदस्य

(घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय - सदस्य

(ङ) कानून अधिकृत, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(च) प्रमुख, कर्मचारी प्रशासन शाखा, मन्त्रालय - सदस्य

(छ) शाखा प्रमुख, उद्योग शाखा, मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य-सचिवले बोलाउनेछ ।

(३) समितिको बैठकमा बढीमा तीन जनासम्म विज्ञ तथा कर्मचारीहरु आमन्त्रित गर्न सकिनेछ ।

(४) समितिले यस मापदण्डमा उल्लेख भए बाहेकका छनौटका अन्य आधारहरु आवश्यक परेमा आफै बनाउन सक्नेछ ।

<u>**१४.बाधा अड्काउ फुकाउने:**</u> यस कार्यको कार्यान्वयनमा कुनै बाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

<u>**१५. प्रचलित कानून बमोजिम हुने:**</u> यस मापदडमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १
(दफा ५ सँग सम्बन्धित)
मुल्यांकनका आधार

| सि. नं | छनौटको आधार | अधिकतम अंक | न्यूनतम अंक | प्राप्तांक |
|---|---|---|---|---|
| १. | विगत दुई वर्षदेखि हालसम्म कार्यरत कति श्रमिकलाई पूर्ण रोजगारी दिएको, (संख्याको आधारमा अंक दिने) | १५ | ७ | - ५ वा ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए: १५ अंक<br>- ३ देखि ४ जनालाई रोजगारी दिएको भएमा: १० अंक<br>- १ देखि २ जनालाई रोजगारी दिएको: ७ |
| २. | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | १५ | ८ | - स्थानीय स्रोत साधन र कच्चा पदार्थको मात्र प्रयोग गरी संचालन भएको भए: १५ अंक<br>- स्थानीय र बाह्य दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: १२ अंक<br>- बाह्य स्रोत साधन र कच्चा पदार्थको मात्र प्रयोग गरी संचालन भएको भए: ८ अंक |
| ३. | श्रम तथा वातावरणमैत्री उद्यम | ५ | | श्रम तथा वातावरण मैत्री (खुला स्थान, बगैचा र बोटबिरुवा, विश्रामस्थल,सरसफाई र लैङ्गिक शौचालय सुविधा ) भए प्रत्येकलाई १ अंकका दरले कुल पाँच अंक। |
| ४. | विशेष प्राथमिकता समूह | ५ | ३ | —लोपोन्मुख तथा अति सीमान्कृत समुदायका उद्यमीको हकमा ५ अंक<br>—दलित, आदिवासी जनजाती, महिला, अपांगता र सीमान्तकृत समुदायका महिला उद्यमीको हकमा ४ अङ्क<br>— दलित, आदिवासी जनजाती, अपांगता र सीमान्तकृत समुदायका पुरुष उद्यमीको हकमा ३ अङ्क |
| ५. | वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरेका | ५ | ० | - वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरेका भए ५ अंक र अन्य भए ० अंक |

| | | | | |
|---|---|---|---|---|
| ६. | उत्पादित वस्तु तथा सामाग्रीको व्यवस्थापन र प्याकेजिङ | १० | -- | उत्पादित वस्तु प्याकेजिङ गरेर वजारीकरण गर्ने (खाद्य पदार्थको हकमा DFTQC नम्बर समेत उल्लेख भएको हुनुपर्ने) सो बुँदामा उत्पादकको नाम, उत्पादन मिति, उपभोग्य अवधि, तौल ,अधिकतम खुद्रा मूल्य, मिश्रण ,भण्डारण र उपभोग गर्ने तरिका गरी प्रत्येकलाई १ अंक तथा सो कुराको प्याकेजिङमा प्रिन्ट भएकाको हकमा थप २ गरी कुल १० अंक |
| ७. | उत्पादित वस्तु ब्रान्डिङ्ग तथा वजारीकरण | १० | ५ | विदेश निर्यात गर्नेलाई १० अंक<br>अन्यलाई ५ |
| ८. | आयकर दाखिला | १० | ५ | १० लाख भन्दा बढि आयकर दाखिला गर्नेलाई १० अंक<br>८ देखि १० लाख आयकर दाखिला गर्नेलाई ८ अंक<br>अन्यलाई ५ |
| ९. | नवप्रवर्तन | २० | ८ | १. आफैले प्रविधि डिजाईन गरि संचालन भएको उद्योग --२० अंक<br>२. नेपालमै उत्पादन भई प्रयोगमा आएको प्रविधि प्रयोग गरी संचालित उद्योग -- १६ अंक<br>३. अन्यको हकमा --८ अंक |
| १०. | अध्ययन तथा तालिम | ५ | ० | उद्यमसँग सम्बन्धित क्षेत्रमा मान्यता प्राप्त संस्थाबाट अध्ययन अथवा तालिम सम्पन्न गरी प्रमाणपत्र प्राप्त गरेकोभए ५ अंक नभए ० अंक |
| | जम्मा अंक | १०० | ३६ | |

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौडा, नेपाल

अनुसूची २
दफा ८ को खण्ड (क) सँग सम्बन्धित)
पेश गर्नुपर्ने विवरणको ढांचा

१. उद्यमीको नामः

२. उद्योगको नामः

३. उद्योगको उद्धेश्यः

४. उद्योग प्रकृतिः

५. ठेगानाः

६. स्थापना र नविकरण मितिः

७. सम्पर्क फोन, मोबाईल, फ्याक्स, इमेलः

८. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने) :

९. के, कुन स्थानीय र बाह्य कच्चा पदार्थ तथा स्रोत साधन प्रयोग गरी उद्यम गरिरहेको (स्थानीय र बाह्य स्रोत बुँदागत रुपमा खुलाउने तथा खरिद बिलको प्रतिलिपी पेश गर्ने एवं आफ्नै उत्पादन भए वडाको सिफारीस पेश गर्ने) :

१०. वातावरणमैत्री उद्यम भए/नभएको (खुला स्थान, बगैचा, बोटबिरुवा, विश्रामस्थल, लैङ्गिकमैत्री शौचालय र सरसफाई के कस्तो छ लेख्ने) :

११.वैदेशिक रोजगारबाट फर्की उद्यम सञ्चालन गरेको वा नगरेको (यदि गरेको भए कार्य अवधि र देशको नाम खुलाउने साथै भिसा र पासपोर्टको प्रतिलिपि संलग्न गर्ने) :

१२. विशेष प्राथमकिता समूह भए खुलाउने (सो प्रमाणित हुने कागजात पेश गर्ने) :

३. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको व्यवस्थापन, ब्रान्डिङ्ग र प्याकेजिङ्ग कस्तो रहेको खुलाउनेः

१४. उद्योगको नवप्रवर्तन स्तर कस्तो रहेको चिन्ह लगाई विवरण खुलाउने :

१. आफैले प्रविधि डिजाईन गरि संचालन भएको उद्योग ......

२. नेपालमै उत्पादन भई प्रयोगमा आएको प्रविधि प्रयोग गरी संचालित उद्योग .....

३. अन्यको हकमा.....

१५. उत्पादित वस्तुहरु निर्यात भए नभएको (निर्यात प्रमाणित हुने कागजात पेश गर्ने):

१६. उद्योगले पारेको सामाजिक/आर्थिक प्रभावः

(क).

(ख).

१७. अध्ययन तथा तालिम सम्बन्धि विवरण खुलाउने(सो सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी पेश गर्ने):

१८. अन्य कुरा केही भए खुलाउने:

**संलग्न कागजातहरु:**

१. नविकरण सहितको उद्योग दर्ता प्रमाणपत्र

२. अघिल्लो आर्थिक वर्षसम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी

३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

४. निवेदन पेश गर्दा बुझाएको बैंक भौचर अथवा नगदि रसिद

५. दुई प्रति पासपोर्ट साइजको फोटो,

६. सम्वन्धित स्थानीय तहको सिफारिश पत्र, र

७. विशेष प्राथमिकता समूह खुल्ने निस्सा।

–माथी पेश गरिएको विवरण सहि–साँचो हो भनि स्वघोषणा गर्दछु ।

(विवरण पेश गर्ने उद्यमीको दस्तखत)

..................................